४२. **बढी भुक्तानी** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ५५ बमोजिम कार्यालयमा आवश्यक पर्ने स्टेशनरी सामान आपूर्तिको लागि एक आपूर्तकसँग ठेक्का सम्झौता भएकोमा सम्झौतामा तोकिएको दर भन्दा रु.९६ हजार बढी भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

४३. **अधुरो स्रेस्ता** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ११४ बमोजिम लेखा र आर्थिक विवरण पेश गरी अन्तिम लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । तर १० कार्यक्रमको ठेक्का सम्झौता फाइल, नापी किताव र कार्यसम्पन्न प्रतिवेदन समेत पेश नगरी रु.२१ लाख ३५ हजार भुक्तानी भएको अधुरो स्रेस्ता पेश गरेको छ ।

४४. **लागत अनुमान** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम १३१(१) अनुसार समितिले निर्धारण गरेको दर भन्दा बढी हुने गरी थप ज्याला दिन नहुने व्यवस्था छ । तर एक ह्यूमपाइप उत्पादकसँग विभिन्न साइजका ह्यूमपाइप खरिद गर्दा जिल्ला विकास समितिले तोकेको दर भन्दा रु.२ लाख ७२ हजार बढी हुने गरी लागत अनुमान गराई भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

४५. **तार जाली** – सर्वदलीय बकैया नदी नियन्त्रण बचाउ उपभोक्ता समितिलाई जिल्ला विकास समिति र जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालयबाट १ हजार ७१२ थान तार जाली बुझाएकोमा जिल्ला विकास समितिको फिल्ड निरीक्षण प्रतिवेदन अनुसार १ हजार ३२९ मात्र प्रयोगमा आएको प्रतिवेदन प्राप्त भएकोले ३८३ थानको प्रतिथान रु.७९०।– का दरले रु.३ लाख ३ हजार उपभोक्ता समितिबाट असुल हुनुपर्दछ ।

४६. **अनुदान** – गाउं विकास समितिको चौमासिक अनुदान निकासाबाट कट्टा गर्ने गरी तीन गाउं विकास समितिले डिजल प्रयोग गरे बापत रु.२ लाख ३९ हजार कट्टा नगरी पूरै निकासा दिएकोले उक्त रकम सम्बन्धित गाउं विकास समितिबाट असुल हुनुपर्दछ ।